नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

मितिः- २०७७/०९/२९

पत्र सं.:- २०७७/७८

चलानी नं.:- ९६३

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

विषयः- आवेदन माग गरिएको सूचना सम्वन्धमा।

श्री स्थानीय तह, (सबै)।

प्रस्तुत सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.सं. रो स.सू. ०७७/७८, च.नं. ४०, मिति २०७७/०९/२८ को सूचना प्रकाशन सम्वन्धमा वारे प्राप्त पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी 'वैदेशिक रोजगारीवाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरुको लागि राष्ट्रिय पुरस्कार-२०७७' को आवेदन मागको लागि आवस्यक समन्वयको व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

जनकराज शर्मा

शाखा अधिकृत

<u>वोधार्थः</u>

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखा, e-mail मार्फत सवै स्थानीय तहमा पठाउने व्यवस्था गरिदिनुहुन।

श्री सूचना प्रविधि अधिकारीज्यू
सूचना कार्यालयको वेबसाइट र फेसबुकमा अपलोड गर्ने

श्री प्रशासन शाखा
सूचना टाँस्नुको वडा कार्यालयहरूलाई जानकारी गराउने

१०/०२

दर्ता नं. : १२६

मिति : २०७७/१०/०२

नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(रोजगार समन्वय तथा सूचना शाखा)

सिंहदरबार
काठमाण्डौ, नेपाल

च.नं.:- रो स.सू. ०७७/७८- ४०

मिति:२०७७।०९।२८

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषय: सूचना प्रकाशन सम्बन्धमा ।

यस मन्त्रालयबाट प्रदान गरिने 'वैदेशिक रोजगारीबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरुको लागि राष्ट्रिय पुरस्कार -२०७७' को लागि आवेदन माग गरिएको सूचना सबै स्थानीय तहको वेवसाइट तथा सूचनापाटीबाट प्रकाशन गर्न तहाँबाट सबै स्थानीय तहमा प्रेषित हुने व्यवस्थाका लागि उक्त सूचना यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

२०७७।९।२८

(गिरिप्रसाद आचार्य)
शाखा अधिकृत

फोन न. ४२००४७६ फ्याक्स न. ०१-४२११८७७ Website :www.moless.gov.np E-mail info@moless.gov.np

नेपाल सरकार

# श्रम, रोंजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

## वैदेशिक रोजगारीवाट फर्किएर स्वदेशमा उद्यम गरेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः- २०७७ पुस २८ गते

वैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले "विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६" को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (२०७७।१०।१९गते) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन सूचित गरिन्छ ।आवेदनको फारम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट www.moless.gov.np वाट download गर्न सकिनेछ। थप जानकारी लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ०१-४२००४७६ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात ( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने ) |
|---|---|
| १) नेपाली नागरिक,<br>२) श्रमिक भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने,<br>३) विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको हुनुपर्ने । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) आ.व. ०७६।७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |